# कृषि विकास मन्त्रालय

मन्त्रालय र मातहतका समेत २२५ कार्यालयको यो वर्ष विनियोजन रु.१७ अर्ब ९४ करोड २८ लाख राजस्व रु.२२ करोड १० लाख, धरौटी रु.२१ करोड ४७ लाख र अन्य कारोबारतर्फ रु.२ अर्ब ३६ करोड ९० लाखसमेत रु.२० अर्ब ७४ करोड ७५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । मन्त्रालयमातहतका अन्य सस्था ९ को रु.८ अर्ब ४८ करोड ३३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्न अनुसार छन्:

१. **अनुगमन -** विगत प्रतिवेदनमा बागवानी केन्द्र ईलाम, चन्द्रडांगी बीउ बिजन समिति झापा, कपास विकास समिति अन्तर्गत वर्दीयाको कुम्भरमा रहेको जग्गा तथा भवनको अतिक्रमण नहटाएको जग्गाको धनीपुर्जा नलिई बजार सेड निर्माण गरेको, निर्माण गरेका बजार सेड कृषि उपज सङ्कलन र विक्रिमा प्रयोग नगरी अन्य प्रयोजनमा प्रयोग गरेको, निर्माण भएका बजार सेडहरुको उपयोग गर्न नसकेको व्यहोरा औल्याएकोमा हाल सम्म पनि सुधार भएको छैन । त्यसैगरी अनुदानमा वितरीत औजार उपकरणहरुको अभिलेख राखी उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन नगरेको र अनुदानमा खाद्यान्न बीउ वितरण गर्दा जग्गाको क्षेत्रफल यकिन नगरी ठूलो परिमाणमा वितरण गर्ने गरेको व्यहोरा यो वर्ष पनि दोहोरिएका छन् । विगतको व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरु -** मन्त्रालयअन्तर्गत देहायअनुसार दातृ निकायको अनुदान तथा ऋण सहयोगमा ७ आयोजनामा रु.२० अर्ब ४६ करोड ३० लाख खर्च गर्ने सम्झौता भएकोमा हालसम्म रु.८ अर्ब ९७ करोड ४४ लाख खर्च भएको छ ।

(रकम रु लाखमा)

| सि.नं. | आयोजनाको नाम | दातृ निकाय | आयोजना सञ्चालन भएका जिल्लाहरु | आयोजना अवधि | आयोजना व्यतित वर्ष | कुल सम्झौता रकम | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, नेपालगन्ज | ए.डी.वी. | मध्य पश्चिम र सुदुर पश्चिमका१० जिल्ला | ८ | ६ | २५९२० | १०२१७ | ३९.३७ |
| २ | व्यवसायिक कृषि तथा व्यापार आयोजना, काठमाडौं | विश्व वैङ्क | ७५ जिल्ला | ९ | ७ | ६,००,०० | २६४८० | ४४.१३ |
| ३ | उच्चमूल्य कृषि वस्तु विकास आयोजना, सुर्खेत | आईफाड | मध्यपश्चिमका७जिल्ला | ६ | ५ | १,३३,८० | ९७९८ | ७३.२३ |
| ४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना, काठमाडौ | विश्व वैङ्क | झापा देखी कैलाली, सम्म २५ जिल्ला | ५ | ३ | ५१,५४ | २९३३ | ५६.९० |
| ५ | कृषि तथा खाद्य सुरक्षा आयोजना, काठमाडौं | विश्व वैङ्क | मध्य पश्चिम र सुदुर पश्चिमका१९ जिल्ला | ५ | ३ | ४,९३,०० | २५३७३ | ४६.८४ |
| ६ | किसानका लागि उन्नत बीउ वीजन कार्यक्रम, वुटवल | आईफाड | मध्य पश्चिम र पश्चिमका ६ जिल्ला | ७ | ४ | ४,७७,६० | ११९१६ | २४.९४ |
| ७ | एकिकृत जलस्रोत व्यवस्थापन आयोजना, ललीतपुर | विश्व वैङ्क | मध्यपश्चिम र सुदुर पश्चिमका४४ जिल्ला | ४ | २ | ६५,१६ | ३०२७ | ४६.४५ |
| | | | | **जम्मा** | | **२०,४६,३०** | **८९७४४** | |

२.१ साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजनाको अवधि २५ प्रतिशत बाँकी रहेकोमा हालसम्म ३९.३७ प्रतिशत, र किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम सञ्चालनको अवधि ५७.१४ प्रतिशत बाँकी रहेकोमा २४.९५ प्रतिशत मात्र खर्च भएको छ। आयोजनाको कार्यक्षमता वृद्धि गरी समयमै सम्पन्न गर्नुपर्दछ।

२.२ उपर्युक्त सञ्चालित आयोजनामध्ये निम्न ५ आयोजनाको कुल लागत रु.१९ अर्ब ६३ करोड ६० लाख भएकोमा ती आयोजनाहरुले यो वर्ष रु.७४ करोड ६८ लाखसमेत हालसम्म रु.८ अर्ब ३७ करोड ८४ लाख खर्च गरेको मध्ये परामर्श सेवामा मात्र रु.१ अर्ब ८० करोड ८४ लाख खर्च गरेका छन् । परामर्श सेवामा ११.३१ देखि ३६.७६ प्रतिशतसम्म खर्च गरेकोले परामर्श खर्चमा नियन्त्रण हुनुपर्दछ ।

(रकम रु लाखमा

| आयोजनाको नाम | कुल लागत | यो वर्षको खर्च | हाल सममको खर्च | परामर्श सेवाको खर्च | खर्च मध्ये परामर्श सेवाको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| व्यवसायिक कृषि तथा व्यापार आयोजना | ६०००० | २२०५ | २६४८० | ४०६२ | १५.३४ |
| साना तथा मझौला कृषक आस्तर वृद्धि आयोजना | २५९२० | १२६१ | १०२१७ | ३७५६ | ३६.७६ |
| उच्च मूल्य कृषि वस्तु आयोजना | १३३८० | ७७१ | ९७९८ | २४७५ | २५.२६ |
| कृषि तथा खाद्य सुरक्षा आयोजना | ४९३०० | २२६९ | २५३७३ | ६४४३ | २५.३९ |
| किसानकालागि उन्नत बीउ विजन कार्यक्रम | ४७७६० | ९६२ | ११९१६ | १३४८ | ११.३१ |
| जम्मा | १९६३६० | ७४६८ | ८३७८४ | १८०८४ | २१.५८ |

३. **अनुदान वितरण -** मन्त्रालयले यो वर्ष एक गाउँ एक उत्पादन, पोखरी निर्माण, पशुपालन तथा तरकारी खेती, रासायनिक मल, खाद्यान्न बाली, फलफूल, बीउ बिजन, कृषि औजारलगायतका क्रियाकलाप सञ्चालन गर्न २४ आयोजना/कार्यक्रममार्फत रु.११ अर्ब ७४ करोड २५ लाख अनुदान उपलब्ध गराउन कार्यक्रम स्वीकृत गरेकोमा रु.१० अर्ब ३ करोड ६७ लाख खर्च भएको देखिन्छ। उक्त अनुदान सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१ अनुदान उपलब्ध गराउन विनियोजन भएको मध्ये रु.१ अर्ब ७० करोड ५८ लाख खर्च भएको देखिएन। खर्च नभएको बजेटमध्ये पनि कार्यक्रम सञ्चालन गर्न छुट्याएको बजेट घटी खर्च भएकोछ। साथै रु.११ करोड ५० लाख व्यवस्था भएका ५ कार्यक्रम सञ्चालन नै भएको छैन। कार्यक्रम कार्यान्वयन क्षमतमा वृद्धि गर्नु पर्दछ।

३.२ मन्त्रालयले विगत ५ वर्षमा कृषि क्षेत्रको उत्पादन वृद्धि गर्ने लक्ष्य राखेर देहायअनुसार अनुदान वितरण गरेकोमा उत्पादनको अवस्था निम्नानुसार रहेको छ:

| आ.व. | अनुदान रु. करोडमा | खाद्यान्न उत्पादन (मे. टन हजारमा) | | तरकारी उत्पादन (मे. टनमा हजारमा ) | | फलफूल उत्पादन (मे. टनमा हजारमा ) | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| २०६८।६९ | ३२३ | ९५५८ | ९५५८ | ३४०१ | ३३०२ | ८८६ | १०३० |
| २०६९।७० | ४८९ | ८५८० | ८७३८ | ३३०१ | ३४२१ | ९३९ | ९३९ |
| २०७०।७१ | ८९९ | ९९६८ | ९५६३ | ३४७२ | ३५८९ | ९४० | ९७९ |
| २०७१।७२ | १०७१ | १०२१० | ९२६६ | ३६०० | ३६२९ | ११८० | ९९२ |
| २०७२।७३ | १००४ | १०८८१ | ८६१४ | ३६३५६ | ३६४३ | १२६० | १०९७ |

अनुदान र उत्पादनको तुलना गर्दा २०६९।७०मा अनुदान ५१.३९ प्रतिशत वृद्धि भएकोमा खाद्यान्न र फलफुल उत्पादन क्रमशः ८.५८ र ८.८३ प्रतिशत घटी भएको छ। यसैगरी २०७०।७१ मा अनुदानमा ८३.८४ प्रतिशत वृद्धि भएका मा खाद्यान्न, तरकारी र फलफूल उत्पादनमा क्रमश ९.४४, ४.९१ र ४.२६ प्रतिशत मात्रवृद्धि भएको, २०७१।७२ मा अनुदानमा १९.१३ प्रतिशत वृद्धि भएको छ भने खाद्यान्नमा ३.१० प्रतिशत घटी र फलफूलमा १.३३ प्रतिशत मात्र वृद्धि भएकोछ। आर्थिक वर्ष २०७२।७३ मा खाद्यान्न उत्पादनमा ७.०४ प्रतिशत ह्रास आएको छ। कृषि उत्पादन र उत्पादकत्वमा धेरै तत्वहरुले प्रभाव पार्ने भएतापनि अनुदान वृद्धि हुदै गएकोमा उत्पादन भने अपेक्षित रुपमा वृद्धि हुन नसकेको स्थिति छ। अनुदानलाई उत्पादन र उत्पादकत्वसँग आवद्ध गर्नुपर्दछ।

३.३ वितरित अनुदानमध्ये देहायका ७ संस्थालाई रु.६ अर्ब १० करोड १७ लाख उपलब्ध गराएको छ।

| अनुदान पाउने संस्थाको नाम | अनुदान प्रयोजन | रकम (रु लाखमा) |
|---|---|---|
| कृषि सामग्री कम्पनि लिमिटेड | रसायनिक र अन्य मलमा मूल्य अनुदान | ३८६६० |
| साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड | रसायनिक मलमा मूल्य अनुदान | १५७४३ |
| राष्ट्रिय बीउ बिजन कम्पनी लि. | उन्नत बीउ खरिदमा मूल्य अनुदान | २२५१ |
| कृषि उद्यम केन्द्र | एक गाँउ एक उत्पादन कार्यकम | ४८२ |
| | एक जिल्ला एक उत्पादन कार्यक्रम | १७४५ |
| नेपाल कृषि सहकारी केन्द्रीय संघ | पारिवारिक खेती कार्यकम | १८९ |
| बीमा समिति | बाली तथा पशुपंक्षी बीमा प्रिमियम | १६९७ |
| फ्लोरिकल्चर एशोसियसन | पुष्प व्यवसाय प्रवर्धन | २५० |
| | **कुल** | **६१०१७** |

३.४ कृषि सामग्री कम्पनी लिमिटेडलाई युरिया, डीएपी र पोटास १ लाख ८० हजार १७३ मेट्रिकटनमा मूल्य अनुदानबापत रु.३ अर्ब ८६ करोड ६० लाख उपलब्ध गराएको रु.३ अर्ब ६६ करोड ९२ लाख खर्च भई बाँकी रहेको रु.१९ करोड ९८ लाख सञ्चितकोष दाखिला गर्नुपर्दछ । प्राप्त विवरणमा शून्य मेट्रिकटन मल खरिद गरेको जनाई रु.२ करोड ३५ लाख खर्च लेखेको हुँदा सो सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

३.५ रासायनिक मल आयातको लागि प्रतितपत्र खोल्दा बैङ्क कमिसनबापत कृषि सामग्री कम्पनी लिमिटेडले १ लाख ९० हजार ७१२.६५ मेट्रिकटनको लागि रु.१४ लाख ३१ हजार खर्च जनाएको छ । तर साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले १ लाख ७ हजार २५७ मेट्रिकटनको लागि रु.४७ लाख खर्च लेखेकोले बढी कमिसन खर्च सम्बन्धमा छानबिन हुनुपर्दछ ।

३.६ राष्ट्रिय बीउ बिजन कम्पनीलाई उन्नत बीउ १२ हजार मेट्रिकटनको मूल्य अनुदानबापत रु.२२ करोड ५१ लाख र १२ जिल्लाका कृषकलाई भूकम्पपीडित राहत स्वरुप ८०.२३५ मेट्रिकटन उन्नत मकैको बीउ वितरण गर्न रु.२ करोडसमेत रु.२४ करोड ५१ लाख सशर्त अनुदान उपलब्ध गराएकोमा अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी खर्च नभएको रकम फिर्ता हुनुपर्दछ ।

३.७ एक गाउँ एक उत्पादन र एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० मा अनुग्राही संस्थाबाट ५० प्रतिशत रकम जम्मा गरेको प्रमाण पेश भएपछि ५० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ । विभिन्न कार्यक्रम सञ्चालनको लागि कृषि उद्यम केन्द्रलाई रु.२२ करोड २७ लाख, पारिवारिक खेती कार्यक्रमको लागि केन्द्रीय सहकारी संघलाई रु.२ करोड र पुष्प व्यवसाय प्रवर्द्धनको लागि एक एसोसिएसनलाई रु.२ करोड ५० लाखसमेत रु.२६ करोड ७७ लाख सशर्त अनुदान दिएको छ । ती संस्थाहरुले गरेको कामको प्रगति र खर्चको विवरण लिई अनुदान उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

३.८ बाली तथा पशुधन बीमाको प्रिमियममा ७५ प्रतिशत अनुदान दिने कार्यको लागि बीमा समितिलाई रु.१६ करोड ९६ लाख ५५ हजार सशर्त अनुदान उपलब्ध गराएको छ । बीमा समितिले बीमा गराउने कृषकको अभिलेख एवं खर्चको विवरण मन्त्रालयमा पठाएको छैन । मन्त्रालयले कृषकको जिल्लागत अभिलेख प्राप्त गरी खर्च नभएको रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

## व्यावसायिक कृषि तथा व्यापार आयोजना

४. **औजार उपकरण -** आयोजनाले यो वर्ष भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्था कार्यालयको लागि १६ किसिमका २९ मेसिनरी औजार खरिद गरी रु.१ करोड ७९ लाख तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको लागि ५ मेसिन खरिद गरी रु.४ करोड ७४ लाखसमेत रु.६ करोड ५३ लाख खर्च लेखेकोमा स्थलगत अवलोकन गर्दा प्याकिङ्गनै नखोली प्रयोगविहीन अवस्थामा राखेको पाइयो । आयोजनाले भूकम्पले कार्यालय भवन प्रयोगमा ल्याउने अवस्था नभएकोले नयाँ निर्माणाधीन भवनको निर्माण कार्य सम्पन्न भएपछि उक्त मेसिनहरु जडान गरी प्रयोगमा ल्याइने जनाएको छ । भवनलगायत पूर्वाधारको व्यवस्था गरेपछि मात्र मेसिन उपकरणहरु खरिद गरिनुपर्दछ ।

५. **डिप बोरिङ्ग निर्माण -** कालीमाटी फलफूल तथा तकारी विकास समितिको हाताभित्र डिप बोरिङ्ग गर्न एक निर्माण व्यवसायीलाई रु.३३ लाख ८८ हजार भुक्तानी दिएको छ । सो कार्यको अवलोकन गर्दा डिप बोरिङ्ग असफल भई पानी निकाल्ने कार्य हुन सकेको छैन । निर्माणस्थलको माटो परीक्षण गरी डिजाइन तयार नगरेको कारण डिप बोरिङ्गमा भएको खर्च खेर गएको अवस्था छ । प्रतिफलविहीन कार्यमा खर्च गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

६. **उप-आयोजना -** व्यवसायिक कृषि तथा व्यापार आयोजना कार्यान्वयन सहयोग समूहको कार्यालय पोखरा अन्तर्गत सन् २०११ मा सम्झौता भई सन् २०१२ मा पूर्वाधार निर्माण कार्य सम्पन्न गरी उत्पादन कार्य शुरु गर्ने सम्झौता भएका ५ उपआयोजना र सन् २०१२ मा सम्झौता भई सन् २०१४ मा पूर्वाधार निर्माण कार्य सम्पन्न गर्ने सम्झौता गरेका ४ उपआयोजनासमेत ९ उपआयोजनालाई रु.१ करोड १० लाख ६ हजार अनुदान उपलब्ध गराएकोमा हालसम्म पूर्वाधार निर्माण कार्य सम्पन्न नगरेको र ती उपआयोजना सञ्चालनमा नरहेको उल्लेख छ । त्यसैगरी मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत सन् २०१२ मा सम्झौता भई २ वर्षमा भौतिक पूर्वाधार निर्माणको कार्य सम्पन्न गरी उत्पादन कार्य शुरु गर्न सम्झौता भएका ९

उपआयोजनालाई रु.१ करोड ९२ लाख ५२ हजार अनुदान दिने गरी सम्झौता भएको मध्ये हालसम्म रु.३६ लाख ३८ हजार भुक्तानी दिएको छ । निर्माण कार्य सम्पन्न गर्नुपर्ने समयावधि भुक्तान भएको ३ वर्ष बितीसक्दा पनि कार्य नगरेकोले अनुदान दिएको रकम फिर्ता गर्नुपर्दछ ।

## कृषि विभाग

७. **सवारीसाधन खरिद -** सार्वजनिक लेखा समितिले २०६९।१।८ मा निर्माण कार्यको लागत अनुमानमा समावेश गरी सवारीसाधन खरिद नगर्न  निर्देशन दिएको छ । भवन निर्माण कार्यको लागत अनुमानमा सवारी साधन खरिद गर्ने आइटम समावेस गरी निर्माण व्यवसायीसँग रु.३२ लाख ४३ हजारमा सवारीसाधन खरिद गरेको छ । समितिको निर्देशन विपरीत खरिद गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

## मत्स्य विकास निर्देशनालय

८. **विशेष मत्स्य उत्पादन -** निर्देशनालयले यो वर्ष तराईका जिल्लाहरुमा प्रतिहेक्टर रु.३० हजार दरले ६४ हजार हेक्टरको लागि ८९६ कृषकलाई रु.१८ करोड ९० लाख र पहाडी जिल्लामा प्रतिपोखरी रु.१० हजारका दरले २०० पोखरीको लागि १९९ कृषकलाई रु.२० लाखसमेत रु.१९ करोड १० लाख अनुदान उपलब्ध गराएको छ । तराईका ९ जिल्लाका १५ कृषकलाई रु.१० लाखदेखि रु.३२ लाखसम्म वितरण गरी रु.२ करोड ४१ लाख खर्च लेखेको छ । अनुदान उपलब्ध गराएका मध्ये सिरहाका एक कृषकले ८.७० हेक्टरमा २३ पोखरी निर्माण गरेको र बाराका एक कृषकले ४.९ हेक्टरमा एउटै पोखरी निर्माण गरेको उल्लेख छ । निर्देशनालयले २०७३ जेष्ठ र असार महिनामा मात्र अनुदान उपलब्ध गराएकोमा पनि ठूलो संख्यामा पोखरी निर्माण भएको विवरण उपलब्ध गराएको छ । पोखरी निर्माण भएको सम्बन्धमा विश्वस्त हुन विशेष मत्स्य उत्पादन कार्यान्वयन कार्यविधि, २०७२ बमोजिम अनुगमन गर्नुपर्दछ ।

९. **स्याउ आत्म निर्भर कार्यक्रम -** नेपाल सरकारले २०६८।६९ को नीति तथा कार्यक्रमको बुँदा नं ६७ मा कर्णाली अञ्चलका ५ र मनाङ तथा मुस्ताङसमेत ७ जिल्लामा स्याउ आत्म निर्भर कार्यक्रम सञ्चालन गरेको छ । २०६८।६९ देखि शुरु भएका १० वर्षे कार्यक्रमलाई ५।५ वर्षमा विभाजन गरी कार्यान्वयनमा ल्याउने रणनीतिअनुरुप पहिलो ५ वर्षमा रु.२ अर्ब ७५ करोड ७ लाख खर्च गर्ने गरी १० कार्यक्रम तथा लक्ष्य तोकेको छ । विभागले अद्यावधिक प्रगति तथा खर्चको विवरण राखेको छैन । यो वर्ष सो कार्यक्रमको लागि रु.६ करोड १२ लाख व्यवस्था भएकोमा रु.५ करोड ७६ लाख खर्च भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः

९.१ स्याउ बगैंचा १ हजार ११० हेक्टर व्यवस्थापनबाट ४४ लाख ५० हजार गोटा बिरुवा उत्पादन भई १ हजार ७१० हेक्टर स्याउ क्षेत्र विस्तार हुने, स्याउ सोलार स्टोर २८ सेट हुने, स्याउ १ लाख २१ हजार मेट्रिकटन उत्पादन भई ८.७ प्रतिशत उत्पादकत्व वृद्धि हुने र स्याउको आयात प्रतिस्थापन ३ लाख मेट्रिकटन हुने लक्ष्य रहेकोमा अद्यावधिक अभिलेख नराखेकोले यस सम्बन्धमा भएको प्रगति यकिन गर्ने आधार छैन ।

९.२ बिरुवा उत्पादन अर्न्तगत ४लाख ४५ हजार कलमी बिरुवा उत्पादन गरी  वितरण गर्ने. लक्ष्य रहेकोमा जुम्ला, डोल्पा, कालिकोट र मुस्ताङमा २ लाख ३० बोट (५१.६८ प्रतिशत) वितरण गरेको देखिन्छ ।  बिरुवा वितरणको अभिलेख अद्यावधिक नदेखिएको, उत्पादित बिरुवाको स्वस्थ्यता प्राङ्गगारिकता परीक्षणको व्यवस्था हुन नसकेको, बिरुवा उत्पादनको स्रोत केन्द्र नतोकेको देखिन्छ । फलस्वरुप लक्ष्यअनुरुपको गुणस्तरीय बिरुवा उत्पादन तथा वितरण कार्यक्रम सफल हुन नसकेको स्थिति छ ।

९.३ स्याउको बगैंचा व्यवस्थापनको लागि प्रथम वर्षको बगैंचाका लागि प्रतिबोट रु.१ हजार २५०, दोस्रो वर्षका लागि उक्त रकमको ७५ प्रतिसत, तेस्रो वर्षका लागि ५० प्रतिशत र चौथो वर्षका लागि २५ प्रतिशत अनुदान दिने व्यवस्था छ । वर्षगत रुपमा सञ्चालन भएका यस्ता बगैंचाको अद्यावधिक अभिलेख कुनै जिल्लाले राखेको छैन । व्यक्तिगत बगैचामा मात्र अनुदान वितरण गर्दा समूहगत/संस्थागत समूह निरुत्साहित हुने भएकाले नर्म्समा तोकिएअनुरुप अनुदान वितरण हुनुपर्दछ ।

९.४ स्याउको मूल्यमा अभिवृद्धि गराउन आधुनिक तथा उन्नत ग्रेडिङ्ग मेसिन सञ्चालनमा ल्याई २८ स्याउको सोलार स्टोर निर्माण गरी भण्डारण लागत घटाई उपभोकतालाई सुपथ मूल्यमा स्याउको उपलब्धता

सुनिश्चित गर्ने उद्देश्य रहेकोमा जुम्ला र मुस्ताङबाहेक अन्य ५ जिल्लामा उक्त स्टोर सञ्चालनमा नआएका, निर्माण भएका स्टोरको भण्डारण क्षमता कम भएको, पायक पर्ने स्थानमा स्टोर निर्माण नभएकाले कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको पाइएन ।

९.५ कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ ले प्रति बिरुवा रु १००। नगदै अनुदान उपलब्ध गराई स्याउ खेतीका लागि बिरुवा उत्पादन गर्दै आएकोमा अनुदान सिफारिस गर्दा अनुदान तथा प्रमाणीकरण समितिले बगैचा हुने व्याक्तिले उत्पादित बिरुवाको रेकर्ड केरमेट गरेको, साविक वर्षकै संख्यामा अनुदान दिने सिफारिस गर्ने गरेको, बगैंचाको रेखाङ्कन, खाडल, बिरुवाको अबस्था, मल्चिङ्ग, गोडमेल जस्ता विवरण अद्यावधिक नगरी अनुदान रकम खर्च लेखेको छ । अभिलेख अद्यावधिक नहुँदा वर्षै पिच्छे बगैंचामा तोकिएका कार्यहरु पूरा भए नभएको, बिरुवा हुर्केको अवस्थाले अनुदानमा हुने फेरबदललगायतका विषय यकिन हुन नसकेको, सोको वस्तुगत आधारबेगर अनुदान वितरण गरेकाले सही सदुपयोग हुन सक्ने अवस्था देखिँदैन ।

पकेट क्षेत्रका ७ जिल्लाबाट १६२ हजार मे.टन. स्याउ उत्पादन गरी आयत प्रतिस्थापनलाई क्रमशः घटाउँदै लगी १० वर्षमा स्याउको उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्य रहेकोमा ५ वर्ष सञ्चालित कार्यक्रमको उपलब्धि यकिन गरी अनुदान वितरण वस्तुगत बनाउनुपर्दछ ।

## संगठित संस्था

## नेपाल कृषि अनुसन्धान परिषद्

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत गठन भएको परिषद्को यो वर्ष लेखापरीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन्:

१०. **सञ्चालन नतिजा –** परिषद्को गत वर्षसम्म सञ्चित बचत रु.७९ करोड ४१ लाख रहेकोमा यो वर्षको बचत रु १५ करोड ७० लाखसमेत रु.९५ करोड ११ लाख  हजार सञ्चित रहेको छ ।

११. **सम्पत्ति –** परिषद्को स्थिर सम्पत्तितर्फ जग्गा, भवन, गाडी आदिको मूल्य रु.२ अर्ब १९ करोड ९३ लाख वासलातमा देखाएको छ । वासलातमा देखाएको उक्त स्थिर सम्पत्तिमध्ये नेपाल सरकार र दातृ निकायबाट हस्तान्तरण भई प्राप्त भएको सम्पत्तिको मूल्य खुलाएको छैन । परिषद्को सम्पत्तिको वास्तविक मूल्याङ्कन गरी लेखा अद्यावधिक गर्नुपर्ने देखिएको छ । सम्पत्ति व्यवस्थापन विधि, २०५१ को व्यवस्थाबमोजिम परिषद्ले आफ्नो र अन्तर्गतका निकायको सम्पत्तिको ह्रास कट्टी गरी जगेडा कोष र ह्रास कट्टी व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

१२. **बचत रकमको प्रयोग –** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११ अनुसार परिषद्ले आफ्नो स्रोतबाट प्राप्त आम्दानीसमेतलाई परिषद्को बजेटमा समावेश गरी सोहीअनुसार कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्नेमा बजेटमा समावेश नगरी यस्ता आयलाई मुद्दतीमा लगानी गरेको छ । गतवर्षको बचतमा यो वर्ष थप भएको समेत रु.१ अर्ब ५ करोड ८५ लाख नन्अपरेटिभ खातामा मौज्दात राखेको छ । उक्त मौज्दात रकमको समुचित व्यवस्थापन र परिचालन गर्नुपर्ने सुझाव विगतको प्रतिवेदनबाट दिइए तापनि सुधार भएको छैन ।

१३. **नियम विपरीत तलब भत्ता भुक्तानी -** नेपाल कृषि अनुसन्धान परिषद कर्मचारी प्रशासन विनियम २०४९ (संशोधन सहित)को विनियम ४०मा कुनै कर्मचारी लगातार ६० दिन गयल भएमा नोकरी टुटेको सम्झी सेवाबाट हटाउन सकिने, गयल भएको ६० दिन व्यतीत नहुदै हाजिर हुन निवेदन दिएमा कार्यालय प्रमुखले हाजिर हुन दिने नदिने निर्णय गर्ने व्यवस्था रहेको छ । एक वरिष्ट वैज्ञानिक २०७१।७।२६ देखि २०७२।३।२१ सम्म बिनासूचना अनुपस्थित रहेकोमा २०७२।३।२३ मा कृषि इन्जिनीयरिङ्ग महाशाखाले २०७१।४।५ देखि २०७१।५।२० सम्म र २०७१।७।२६ देखि २०७२।३।२१ सम्मको घर बिदा तथा बिरामी बिदा स्वीकृत गरी तलब भत्ताबापत रु.२ लाख १० हजार भुक्तानी गरेको देखियो । यसरी ६० दिनभन्दा बढी गयल हुने कर्मचारीलाई विनियमअनुसार कारबाही नगरी बिदा स्वीकृत गरी तलब भत्ता तथा अन्य सुविधा प्रदान गरेकोले विनियम विपरीत निर्णय गर्ने कर्मचारीलाई कारबाही हुनुपर्दछ ।

## कृषि सामग्री कम्पनी लिमिटेड (२०७२।७३)

१४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** यो वर्ष कम्पनीको शेयर पूँजी रु.४२ करोड ६३ लाख, जगेडा कोष तथा संचित नाफा रु.९१ करोड २४ लाख, स्थिर सम्पत्ति रु.८१ करोड ९ लाख, लगानी रु.४२ करोड ७६ लाख, खुद चालु सम्पत्ति रु.१० करोड २ लाख रहेको छ । गत वर्षसम्मको सञ्चित नाफा रु.३५ करोड ५ लाख रहेकोमा यो वर्ष नाफा रु.६२ लाख थप भई यस वर्षसम्मको सञ्चित नाफा रु.३५ करोड ६७ लाख पुगेको छ ।

१५. **आन्तरिक नियन्त्रण व्यवस्था –** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१५.१ मलखादको अन्तिम मौज्दातको मूल्याङ्कन खरिद वा खुद प्राप्त मूल्यमध्ये घटी मूल्यमा गर्नुपर्नेमा सो नगरी खरिद रकममा नेपाल सरकारबाट प्राप्त मूल्य अनुदान समायोजन गरी बिक्री मूल्यमा गरेकोले नेपाल लेखामान ४ र ७ को पालना भएको पाइएन । कम्पनीले अन्तिम मौज्दातको लेखाङ्कन नेपाल सरकारले तोकेको बिक्री दरमा गर्ने गरेको र नेपाल सरकारबाट अप्रत्यक्ष खर्च तथा डिलर कमिशन वापत प्राप्त रकम अनुदानमा लेखाङ्कन गर्ने गरेकोले अन्तिम मौज्दात वापत प्राप्त अप्रत्यक्ष खर्च र डिलर कमिशनको हुने रु.१४ करोड ५३ लाखले बिक्रीको लागत घट्न गई सोही रकमले कम्पनीको नाफा बढी देखिएको छ ।

१५.२ कृषि विकास मन्त्रालयको निर्देशनबमोजिम बोलपत्र आव्हान नगरी सरकारद्वारा सरकारसँग खरिद गर्ने कार्यक्रम अन्तर्गत भारत सरकारले तोकेको एक आपूर्तकबाट शतप्रतिशत रकम अग्रिम भुक्तानी गरी रु.७१ करोड ७२ लाख ५५ हजारको १२ हजार २७४ मे.टन डी.ए.पी. मलखाद खरिद गरेको छ ।

१५.३ मलको लागत अनुमान गर्दा फर्टिकन रिपोर्टमा उल्लेख गरेको युरियाको मध्य पूर्व, दक्षिण एशिया र चीनको, तथा डि.ए.पी.को मोरोक्को, जोर्डन, साउदी अरेबिया, चीन र भारतको अधिकतम र न्यूनतम एफ.ओ.बी. मूल्यको औसत मूल्य लिने गरेकोले न्यूनतम मूल्यभन्दा पनि औसत मूल्य अमेरिकी डलर १.५० देखि २२ प्रति मे.टन बढी भएको पाइयो । लागत अनुमान गर्दा उक्त देशहरुमध्ये न्यूनतम एफ.ओ.बी. मूल्य लिनुपर्नेमा सो नलिएकोले युरिया मल १ लाख ११ हजार ८९९ मे.टनको अमेरिकी डलर १.५० देखि १९.५० सम्मको कम्ती दर अमेरिकी डलर १.५० ले हुने १ लाख ६८ हजार अमेरिकी डलर, पोटास मल ४ हजार ९८७ मे. टनको अमेरिकी डलर १५ ले हुने ७५ हजार अमेरिकी डलर र डी.ए.पी. मल ६३ हजार २८७ मे. टनको अमेरिकी डलर १२ देखि २२ सम्मको कम दर १२ ले हुने रु.७ लाख ५९ हजार अमेरिकी डलर गरी जम्मा १० लाख २ हजार अमेरिकी डलरको हुने रु.१० करोड भन्दा बढी हुँदा सो रकमको हाराहारीमा लागत बढी हुन गएको छ । खरिद गरिएको सम्पूर्ण रासायनिक मल चीनमा उत्पादन भएको देखिएकोले चिन लगायत अन्य छिमेकी मुलुकको बजार मूल्यलाई आधार मानी लागत अनुमान तयार गरेमा यथार्थ परक हुने देखिन्छ।

१५.४ बीमा प्रिमियम वापत लागत अनुमानमा अमेरिकी डलर ५ प्रति मे.टन अनुमान गरेकोमा यथार्थ बीमा प्रिमियम अमेरिकी डलर १ प्रति मे.टनसम्म विक्रेताले भुक्तानी गर्ने गरेकोले लागत अनुमानमा बीमा प्रिमियम समावेश गरेकोले लागत अनुमान बढ्न गएको छ ।

१५.५ डी.ए.पी. २० हजार मे.टन खरिद गर्न एक बिदेशी आपूर्तकसँग खरिद सम्झौता भएअनुसार बिक्रेताले २० हजार १२ मे.टनको बिल पेश गरेकोमा १९ हजार ८२९ मे.टन राम्रो मल प्राप्त भएको, १४० मे.टन घटी प्राप्त भएको तथा ४२ मे.टन स्वीपिङ्ग ड्यामेज भएकोले सोको प्रति मेट्रिकटन अमेरिकी डलर ५७९ ले हुने अमेरिकी डलर १ लाख ५ हजार ५०० को विनिमय दर रु.१०६।५० ले हुने रु.१ करोड १२ लाख ४१ हजार खरिद रकम रु. १ अर्ब २१ करोड २९ लाख ७० हजार बाट घटाई रु.१ अर्ब २० करोड १७ लाख २९ हजार मात्र खर्च लेखाङ्कन गर्नुपर्नेमा सो नगरेकोले बढी लेखाङ्कन भएको पाइयो ।

१६. **घर जग्गा कर -** घर जग्गा कर वापत २०७०।७१ सम्मको रु.३ करोड १३ लाख व्यवस्था गरेको छ । कम्पनीका केही कार्यालयको घर जग्गा कर तिरेको तर विभिन्न कार्यालय लगायत केन्द्रीय कार्यालयको घर जग्गा कर अनुमानित रकम व्यवस्था गर्ने गरेकोमा भुक्तानी गरेको देखिँदैन । समयमै भुक्तानी नगरी व्यवस्था मात्र गरेकोले एकै पटक भुक्तानी गर्दा जरिवाना समेत भुक्तानी गर्नुपर्ने र कम्पनीलाई बढी आर्थिक भार पर्न जाने देखिन्छ । प्राप्त विवरणअनुसार २०७३ आषाढ मसान्तसम्म अनुमानित रु.२ करोड ६५ लाख भुक्तानी गर्नुपर्ने देखिएको छ ।

१७. **अनुदान -** नेपाल सरकारबाट खरिद परिमाणको आधारमा अनुदान प्राप्त हुने गरेकोले अनुदान रकम बिक्री भइनसकेको परिमाणको लागि समेत प्राप्त हुने गरेको छ । आर्थिक वर्ष २०७२।७३ मा खरिद भएको युरिया १ लाख ११ हजार ८९९ मे.टन, डी.ए.पि ६३ हजार २८७ मे.टन तथा पोटास ४ हजार ९८७ मे.टनको लागि अनुदान रु.३३ करोड ९७ लाख ७१ हजार प्राप्त भएको छ । यस बर्ष खरिद भएको मध्ये युरिया ६५ हजार ८५२, डी.ए.पी. १३ हजार ७८५ तथा पोटास ४ हजार ९८७ मे.टन बिक्री भएको छैन । सो परिमाणको हुने अनुदान रु.१ अर्ब ५७ करोड २ लाख ३८ हजार अग्रिम प्राप्त भएको छ । खरिद सम्झौताभन्दा घटी प्राप्त युरिया ३ हजार ७८३ मे.टन र डी.ए.पी. ३४६ मे.टन परिमाणको लागि दिएको अनुदान रु.९ करोड ६६ लाख नेपाल सरकारलाई थप व्ययभार पर्न गएको छ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १०६ निकायमा रु.१ अर्ब ४० करोड ४२ लाख १२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ करोड ७ लाख १५ हजार फछ्र्यौट गरी रु.१ अर्ब ३३ करोड ३४ लाख ९७ हजार बाँकी रहेको छ । सोमध्ये रु.७ करोड २७ लाख १३ हजार पेश्की बाँकी रहेको छ ।
  - सगठित सस्था, अन्य सस्था समितितर्फ रु.४ करोड ५० लाख ८१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ३३ लाख ८५ हजार फछ्र्यौट गरेकोले रु.३ करोड १६ लाख ९६ हजार बाँकी रहेको छ । सोमध्ये रु.५८ लाख ८ हजार पेश्की बाँकी रहेको छ ।